# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७५/०१/२७ गते

# प्रेस विज्ञप्ति

## विषय: प्रदेश नं. ५ मा सुशासन प्रवर्दन सम्वन्धी गोष्ठी।

---

अख्तियार दुरुपयोग अनुसन्धान आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संयुक्त आयोजनामा प्रदेश नं. ५ अन्तर्गत नवलपरासी, रुपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची र प्यूठान जिल्लाका जिल्ला समन्वय समितिका प्रमुख, स्थानीय तहका प्रमुख, उप-प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरुको लागि आयोजित एक दिवसीय गोष्ठी हिजो बुधबार बुटवलमा सम्पन्न भएको छ ।

स्थानीय तहमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले सञ्चालन गरिएको उक्त गोष्ठीको अध्यक्षता आयोगका आयुक्त डा. सावित्री थापा गुरुङले गर्नुभएको थियो भने प्रमुख आतिथ्य आयुक्त डा. गणेशराज जोशीले गर्नुभएको थियो ।

प्रमुख अतिथिका रुपमा रहनु भएका आयुक्त डा. जोशीले स्थानीय तह र प्रदेशका जन प्रतिनिधि र कर्मचारीहरुले उच्च मनोवल र इमान्दारिताका साथ कार्य सम्पादन गर्नुपर्दछ भन्दै आगामी दिनमा भ्रष्टाचारजन्य उजुरीहरुमा कमी आउने गरी विकास निर्माण एंवम् प्रशासनिक र व्यवस्थापकीय कार्यहरु पारदर्शी र गुणस्तरीय ढङ्गबाट सम्पादन गर्न समेत सुझाव दिनुभयो ।

भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने कार्यमा आयोगसँग समन्वय, सहकार्य गर्न स्थानीय जनप्रतिनिधिहरुलाई आग्रह गर्दै उहाँले नैतिकता, सदाचार, इमान्दारिता, पारदर्शिता र व्यवसायिकता कायम राखेर आफ्नो जिम्मेवारी र दायित्व पूरा गर्न आग्रह गर्नुभयो ।

कार्यक्रमको समापन गर्दै आयोगका आयुक्त डा. सावित्री थापा गुरुङले संघीय संरचनामा जनताले चाहे बमोजिमको सेवा सुविधा र विकासका कार्य सम्पादन गरी जनतालाई सुशासनको प्रत्याभुति दिलाउन पारदर्शी, इमान्दारी र जवाफदेही हिसावले काम गर्न जनप्रतिनिधिहरुलाई आग्रह गर्नुभयो ।

आफूलाई प्राप्त भएको अधिकार र स्रोत साधनको दुरुपयोग नगरी संस्थागत विकास र सुशासन प्रवर्द्धन गर्ने कार्यमा लाग्न कर्मचारीहरुलाई आग्रह गर्दै आयुक्त डा. गुरुङले प्राकृतिक स्रोत साधनको संरक्षण गर्न, भ्रष्टाचारजन्य कसुर र अनियमितताको सम्बन्धमा आयोगलाई जानकारी गराएर अनुसन्धान कार्यमा सहयोग गर्न समेत सबैलाई अनुरोध गर्नुभयो ।

प्रदेश नं. ५ का प्रमुख सचिव शंकर पाठकले मुलुक संघीय संरचनामा गएको अवस्थामा पनि प्रदेश सरकार, स्थानीय तहका पूर्वाधार, कानून, अन्य प्रशासनिक एवं व्यवस्थापकीय चरणमा आएका समस्याहरुको जानकारी गराउनु भएको थियो ।

आयोगका सहन्यायाधिवक्ता हरिप्रसाद जोशीले सार्वजनिक पदमा रहेका व्यक्तिहरुसँग आयोगको अपेक्षा र सदाचारयुक्त संस्कृति र शून्य सहनशिलताका लागि अपनाइने रणनीति तथा आयोगका सहसचिव ज्ञानेन्द्र पौडेलले भ्रष्टाचारको प्रवृति विश्लेषण भ्रष्टाचार नियन्त्रणको आवश्यकता र सुशासन प्रवर्द्धनमा स्थानीय तहको भूमिका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव हरि पौडेलले सुशासन प्रवर्द्धनमा स्थानीय तहको भूमिका, स्थानीय तहमा सुशासन प्रवर्द्धनका क्षेत्र र रणनीति विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा सहभागीहरुले उठाएका जिज्ञाशाहरुको बारेमा आयुक्त डा. गणेशराज जोशी र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव हरि पौडेल जवाफ दिनुभएको थियो ।

यस प्रदेश अन्तर्गतका बाँकी स्थानीय तहका प्रमुख, उप प्रमुख र स्थानीय तहका प्रशासकीय प्रमुखहरुका लागि भोलि वैशाख २८ गते नेपालगञ्जमा गोष्ठी सञ्चालन हुदैंछ ।

यस किसिमको गोष्ठी प्रदेश नं. १ को विराटनगर र प्रदेश नं. २ को वीरगञ्ज र जनकपुर तथा प्रदेश नं. ३ को काठमाडौं, प्रदेश नं. ४ को पोखरामा सम्पन्न भइसकेको छ । यसैगरी ६ नं. प्रदेशको सुर्खेतमा आगामी जेठ १० र ११ गते तथा सात नं. प्रदेशको धनगढीमा जेठ १३ र १४ गते हुदैंछ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता